(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

विराटनगर महानगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ | संख्याः ०१ | मितिः २०७६/०३/२९

**भाग-२**

**विराटनगर महानगरपालिका**

नगर कार्यपालिकाको स्वीकृतिबाट जारी

**" विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण तथा नियमन कार्यविधि, २०७६"**

आज्ञाले,

एकदेव अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण तथा नियमन कार्यविधि, २०७६

## विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण तथा नियमन कार्यविधि, २०७६

**प्रस्तावनाः**

विराटनगर महानगरपालिका क्षेत्रभित्र अबैधरुपमा मदिरा उत्पादन, विक्री वितरण तथा सेवनलाई नियन्त्रणका साथै मदिरा विक्री वितरण कार्यलाई व्यवस्थित र नियमन गर्न आवश्यक देखिएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम विराटनगर महानगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

**परिच्छेद -१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण, व्यवस्थापन तथा नियमन कार्यविधि २०७६ रहेकोछ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

ख) "महानगरपालिका" भन्नाले विराटनगर महानगरपालिकालाई सम्झनु पर्दछ ।

ग) "कार्यपालिका" भन्नाले विराटनगर महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

घ) "सभा" भन्नाले विराटनगर महानगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

ङ) "कार्यालय" भन्नाले विराटनगर महानगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

च) "मदिरा" भन्नाले फलफूल तथा अन्न कुहाई वा अन्य कुनै तरिकाले नेपाल सरकारको मापदण्ड अनुरुप तयार पारिने विदेशी वा स्वदेशी अल्कोहलिक पदार्थ मिश्रित सवै किसिमको रक्सी,वियर,वाईन अथवा त्यसको विभिन्न स्वरुप समेतलाई जनाउदछ ।

छ) "घरेलु मदिरा" भन्नाले घरेलु सामग्री, कच्चा पदार्थहरु प्रयोग गरी नेपाल सरकारको मापदण्ड पुरा नगरी तयार पारिएको मदिरालाई जनाउदछ ।

विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण तथा नियमन कार्यविधि, २०७६

ज) “डिलरबाला” भन्नाले विराटनगर महानगरपालिका भित्र मदिराको थोक विक्री गर्ने अनुमती प्राप्त विक्रेतालाई सम्झनु पर्दछ।

झ) “होटल” भन्नाले भोजन, खानपानको प्रबन्ध भई वा नभई बसोबासको सुविधादिने गरि व्यवसायिक उद्धेश्यका लागि चलाईएको होटल सम्झनुपर्दछ र सो शब्दले रेष्टुरा समेतलाई जनाउदछ ।

ञ) “प्रमुख” भन्नाले विराटनगर महानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ ।

ट) “उपप्रमुख” भन्नाले विराटनगर महानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

ठ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले विराटनगर महानगरपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी बहन गरेको अधिकारी सम्झनु पर्दछ ।

ड) “वडा अध्यक्ष” भन्नाले विराटनगर महानगरपालिकाका विभिन्न वडाबाट निर्वाचित वडा अध्यक्ष सम्झनुपर्दछ ।

ण) “मुल समिति” भन्नाले विराटनगर महानगरपालिकामा गठित विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमन समितिलाई सम्झनुपर्दछ ।

ढ) “समिति” भन्नाले प्रत्येक वडामा गठित वडास्तरिय मदिरा व्यवस्थापन समितिलाई सम्झनुपर्दछ।

त) “अनुमतिपत्र” भन्नाले विराटनगर महानगरपालिकाले मदिरा उत्पादन, विक्री वितरण, निकासी तथा पैठारी गर्न दिएको अनुमतिपत्र लाई सम्झनुपर्दछ ।

थ) “मदिरा विक्री वितरण नियन्त्रण” भन्नाले कुनै व्यक्ति वा व्यवसायिले अनुमति(पत्र बेगर वा अनुमति(पत्र पाएकाले पनि अनुमतिमा तोकिएको शर्त बमोजिम बाहेक मदिरा विक्री वितरण गर्न वा मदिरा खुवाउने बार वा रेष्टुरेण्ट वा पसल थाप्न पाईने छैन ।

विराटनगर महानगरपालिकाको मदिरा बिक्री वितरण तथा नियमन कार्यविधि, २०७६

**परिच्छेद २**

**समिति गठन सम्वन्धी व्यवस्था**

३. मदिराको बिक्री वितरणलाई व्यवस्थित गर्न देहायको मदिरा बिक्री वितरण व्यवस्थापन तथा नियमन मूल समिति गठन गरिनेछ,

| | |
|---|---|
| क) विराटनगर महानगरपालिका प्रमुख | संयोजक |
| ख) विराटनगर महानगरपालिकाको उपप्रमुख | सदस्य |
| ग) जिल्ला प्रहरी कार्यालय, मोरंगका अधिकृत प्रतिनिधि | सदस्य |
| घ) वाणिज्य कार्यालय, विराटनगर | सदस्य |
| ङ) घरेलु तथा साना उद्योग कार्यालय | सदस्य |
| च) आन्तरिक राजश्व कार्यालय | सदस्य |
| छ) होटल व्यवसायीहरुको छाता संगठनको अध्यक्ष वा प्रतिनिधि | सदस्य |
| ज) मदिरा नियन्त्रण सम्वन्धी कार्यरत नागरिक संघ सस्था, | सदस्य |
| झ) आमा समुहबाट (कम्तिमा १ जना महिला सहित) प्रमुखले तोकेको २ जना | सदस्य |
| ञ) संयुक्त टोल नगर समन्वय समितिका संयोजक वा प्रतिनिधि | सदस्य |
| ट) मोरंग व्यापार संघ, उद्योग संगठन मोरंग वा विराट व्यापार संघका अध्यक्ष वा प्रतिनिधी मध्ये १ जना | सदस्य |
| ठ) महानगरपालिका स्तरिय मदिरा व्यवसायी संघको अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| ड) मदिरा व्यवसाय ईजाजत दिने विषयगत कार्यालयका अधिकृत प्रतिनिधि | सदस्य |
| ढ) महानगरपालिकाको विषयगत शाखाको शाखा अधिकृत कर्मचारी | सदस्य |
| द) महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

विराटनगर महानगरपालिकाको मदिरा बिक्री वितरण तथा नियमन कार्यविधि, २०७६

**४. मुल समितिको काम, कर्तव्य र अधिकारः**

क) अव्यवस्थित मदिराको अव्यवस्थित विक्री वितरण लाई व्यवस्थित गरी महानगरपालिकामा हुने विकृति, विसंगतीलाई रोक्न आवश्यक कार्य गर्ने गराउने ।

ख) वडा स्तरिय मदिरा व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा निर्देशन दिने ।

ग) मदिराको विक्री वितरण र व्यवस्थापन तथा नियमन गर्न यस काय विधिलाई कडाईका साथ लागु गर्ने गराउने ।

घ) यो कार्यविधि विपरित मदिरा विक्री वितरणगर्ने वा सेवन गर्नेलाई जरिवाना गर्ने, गर्न लगाउने।

ङ) मदिरा विक्री वितरण व्यवस्थापन र नियमनलाई व्यवस्थापन गर्न आवश्यक अध्ययन, अनुगमन गर्ने गराउने ।

च) वडा स्तरिय मदिरा व्यवस्थापन समितिको काम, कारवाहीको अनुगमन गर्ने, गराउने ।

छ) महानगरपालिकालाई मदिरा विक्री वितरणको प्रभावकारी व्यवस्थापनका लागि प्रत्येक नगर सभा पूर्व नीति, बजेट तथा कार्यक्रमका वारेमा लिखित सुझाव पेश गर्ने ।

**५.** मदिराको विक्री वितरणलाई व्यवस्थित गर्न प्रत्येक वडामा देहाय बमोजिम **वडा स्तरिय मदिरा व्यवस्थापन समिति** गठन हुनेछ ।

| | | |
|---|---|---|
| क) | सम्वन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| ख) | सम्वन्धित वडा वा वडा सदस्यहरु | सदस्य |
| ग) | वडा प्रहरी कार्यालयको प्रमुखले तोकेको प्रहरी कर्मचारी | सदस्य |
| घ) | सम्वन्धित वडाका नागरिक संगठन, संघ संस्था, टोल, आमा समुह मध्येहरुबाट वडा अध्यक्षले तोकको ३ जना | सदस्य |
| ङ) | संयुक्त टोल संगठन वडा समन्वय समितिका संयोजक वा प्रतिनिधि | सदस्य |
| च) | होटल तथा पेय पदार्थ व्यवसायी संघका अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| छ) | साना तथा मझौला होटल व्यवसायि संघका अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| ज) | विराट होटल व्यवसायी संघका अध्यक्ष वा प्रतिनिधी | सदस्य |
| झ) | सम्वन्धित वडाका वडा सचिव | सदस्य सचिव |

विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण तथा नियमन कार्यविधि, २०७६

६. वडा स्तरिय मदिरा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः

क) मदिरा व्यवसाय संचालन अनुमति दिदा कार्यविधिमा उल्लेख भएका प्रकृया पुरा गर्ने व्यवसायलाई मात्र ईजाजत पत्र प्रदान गर्ने ।

ख) वडामा यस कार्यविधि बमोजिम मदिरा बिक्री वितरण तथा सेवन भएको छ छैन ? सो को अनुगमन गरी त्यसको जानकारी मुल समितिलाई दिने ।

ग) यस कार्यविधिमा भएको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

घ) यस कार्यविधिको पालना नगर्नेलाई कार्यविधि बमोजिम जरिवाना गर्ने । जरिवाना तिर्न अटेर गरेमा सो को जानकारी मुल समितिलाई दिने ।

ङ) समय समयमा मुल समितिले दिएको आदेश निर्देशनको पालना गर्ने गराउने ।

च) यस कार्यविधि बमोजिम आफुले गर्नुपर्ने अन्य कार्य गर्ने ।

छ) कार्यविधि कार्यान्वयनका लागि आवश्यक सुझावहरु भए समितिको निर्णय गराई मुल समितिमा लिखित प्रतिवेदन पेश गर्ने।

## परिच्छेद ३

### मदिरा व्यवस्थापन कोष सम्वन्धि व्यवस्था

७. यस कार्यविधि विपरित मदिरा विक्री वितरण र सेवन गर्ने व्यक्तिबाट यस कार्यविधि बमोजिम उठेको जरिवाना रकमको निश्चित प्रतिशत राजश्व खातामा जम्मा हुनेछ । महानगरको आर्थिक ऐन २०७६ अनुसार मदिरा कारोवार गर्ने व्यवसायीहरुबाट नवीकरण गर्दा नवीकरण दस्तुर बाहेक लिईने एकमुष्ट वार्षिक रकम **विपन्न उपचार सहयोग कोष**मा जम्मा गरी कार्यविधी बनाई देहाय अनुसार खर्च गरिने छ ।

क) गम्भिर रोग लागेका तर आर्थिक अवस्था अभावका कारण उपचार गर्न असमर्थ भएका व्यक्तिलाई आर्थिक सहयोग गर्ने ।

ख) घरेलु हिंसामा परेका महिलाहरुलाई आवश्यक जिवीकोपार्जनका लागि आवश्यक सहयोग गर्ने ।

ग) बेवारिसे व्यक्ति मरी लाश सदगद गर्नु परेमा ।

घ) मदिरा तथा लागु पदार्थ सेवन विरुद्धका जनचेतनामुलक कार्यक्रमहरुमा ।

ङ) मदिरा सेवन व्यक्तिहरुको पुनर्स्थापनका लागि स्थापना भएको केन्द्र व्यवस्थापन कार्यमा ।

## परिच्छेद ४

विराटनगर महानगरपालिकाको मदिरा बिक्री वितरण तथा नियमन कार्यविधि, २०७६

## मदिराको विक्री वितरण र व्यवस्थापन सम्वन्धि व्यवस्था

८. मदिरा व्यवसाय संचालन गर्न विराटनगर महानगरपालिकाबाट अनिवार्य ईजाजतपत्र लिनुपर्ने र मदिराको विक्री वितरण गर्दा सामाजिक सदभाव, शान्ति सुव्यवस्था, अमन चयन खल्वलिन नहुने, घरेलु हिंसा, समाजमा झैझगडा नहुने शान्ति कायम हुने गरि मात्र गर्नु पर्नेछ ।

क) मदिराको विक्री वितरण गर्दा महानगरपालिकाबाट जुन उदेश्यका लागि ईजाजतपत्र लिएको हो सो बमोजिम थोक विक्रेताले दिउसो १:०० बजेदेखि बेलुकी ९:०० बजे सम्म, खुद्रा विक्रेताले बेलुका ६:०० बजे देखी बेलुकी १०:०० बजे सम्म र विर्को खोली मदिरा व्यवसाय गर्नेले बेलुका ६:०० बजे देखि रात्री १०:०० बजे सम्म (कार्तिक, मंसिर, पुष र माघ मसान्त सम्म) र अन्य महिनाको हकमा विर्को खोली मदिरा व्यवसाय गर्ने व्यवसायीले बेलुकी ९:०० बजे सम्म व्यवसाय संचालन गर्न पाईनेछ । तर महानगरपालिकाले तोकेको विशेष पर्यटकीय क्षेत्र भित्र उक्त समयसिमा र अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

ख) कुनै पनि मदिरा पसलले बेचविखन गर्न सार्वजनिक स्थान, विद्यालय, स्वास्थ्य संस्था, धार्मिक स्थल, सुधार गृह, बाल स्याहार केन्द्र, पुस्तकालय, सरकारी कार्यालय तथा समाजिक महत्वका स्थानबाट २०० मिटर भित्र अनुमति विना वेचविखन गर्न पाईने छैन ।

ग) विराटनगर महानगरपालिकाको अन्तराष्ट्रिय सिमाक्षेत्र नाकाको २०० मिटर भित्र मदिरा व्यवसाय कारोवार गर्न पाईने छैन गरेको पाईएमा जफत गरिनेछ ।

घ) मदिरा विक्री वितरणको कारोवार गर्न अनुमति लिएकाहरुले सो बाहेक सोहि ठांउमा अन्य व्यवसायको कारोबार गर्न पाउने छैन । साथै जुन स्थानमा व्यवसाय गर्ने हो, सोहि स्थानमा व्यवसाय गर्नुपर्नेछ । स्थान परिवर्तन गर्नुपरेमा सो को पूर्व सहमति वडा कार्यालयबाट लिनुपर्नेछ । वडा कार्र्यालयले स्थान परिवर्तन भएमा पुन बुदा नं. ८ (ख) बमोजिमको प्रकृया अवलम्वन गरी सहमति–पत्र दिनुपर्नेछ ।

ङ) किराना, खाद्यान्न, तरकारी, औषधि, मासु, कपडा, फलफुल लगायतका कुनै पनि पसलबाट मदिरा विक्री वितरण गर्न पाईने छैन ।

च) मदिराको स्विकृती लिएका होटेलहरुमा खाना र बास क्षेत्र वाहेक मदिरा सेवन रेष्टुरेण्ट अलगै हुनु पर्नेछ ।

छ) १८ वर्ष भन्दा मुनिका तथा गर्भवती र सुत्केरी व्यक्तिहरुलाई मदीरा खरिद, विक्री वितरण र ओसार पसार गर्न गराउन पाउने छैन ।

ज) ईजाजतपत्र प्राप्त गरि उत्पादन गर्ने व्यवसायीले मदिराको प्रत्येक बोटलको बिर्कोमा पर्ने गरी अन्तशुल्क टिकट टांस गरेको हुनुपर्दछ ।

झ) मदिरा खरिद बिक्री गर्नेले मदिरा खरिद बिक्री गरेको विवरण राख्नु पर्नेछ ।

ञ) मदिरा बिक्री वितरण गर्ने ईजाजतपत्र प्राप्त व्यवसायिले पसल बाहिर सडकबाट देखिनेगरी बोर्ड राख्नु पर्नेछ त्यसैगरी कानून बमोजिम सरकारी निकायहरुबाट लिएको ईजाजतपत्रहरु सवैले देख्ने गरी कारोवारको स्थलमा राख्नुपर्नेछ ।

ट) कसैले पनि प्लाष्टिकको पोका (पाउच) मा  मदिरा राखी मदिराको उत्पादन तथा बिक्री वितरण गर्न पाईने छैन । त्यसैगरी कानूनले बन्देज गरेका घरेलु मदिरा बिक्री वितरण, ओसार पसार आदि गर्न पाईनेछैन ।

ठ) समुदायको धर्म, संस्कार, चाडपर्वलाई मात्र ध्यान दिएर सम्वन्धित पक्षबाट वडा स्तरिय मदिरा व्यवस्थापन समितिलाई अनुरोध हुन आएमा सामाजिक शान्ति, सुव्यवस्थामा अमनचयन नखलबलिने, घरेलु हिंसा, सामाजिक झै झगडा नहुने र शान्ति कायम हुनेगरी मात्र वडा स्तरिय मदिरा व्यवस्थापनको निर्णयमा समय, सिमा तोकि मदिरा प्रयोग गर्न दिन सकिनेछ ।

ड) मदिरा व्यवसायीहरुले आफ्नो पसल व्यवसायबाट निस्कने कुनै पनि प्रकारका फोहोर सार्वजनिक स्थलमा फाल्न पाईने छैन । साथै अनिवार्यरुपमा सफाईको सदस्यता लिनु पर्नेछ ।

ढ) मदिरा व्यवसायी वा अन्य बिक्रेताले हाटबजार, सार्वजनिक स्थल, चोक तथा मेला, पर्वहरुमा मदिरा बिक्री वितरण गर्न पाईने छैन ।

ण) मानव स्वास्थ्यप्रति चेतना गराउने सुचना तथा होर्डिङ्ग वोर्ड वाहेक मदिराको प्रचार, प्रसार, माईर्किङ्ग, विज्ञापन तथा होर्डिङ्ग वोड राख्न पाईने छैन ।

त) मदिरा बिक्रेता तथा सेवन कर्ताहरुले अनुमति प्राप्त होटल, रेष्टुरा बाहेक अन्यत्र मदिरा सेवन गर्न गराउन पाईने छैन ।

थ) तोकिएको समय सिमा भन्दा वढी संचालन भएको पाईएमा दोब्बर जरिवाना लाग्नेछ र तीनपटक भन्दा वढी यो कदम दोहोरिए अनुमति पत्र समेत खारिज गर्न सक्नेछ ।

द) मदिरा व्यवसायमा यौंनजन्य, लैंगिक हिंसा, अश्लील कृयाकलाप, बाल शोषण, श्रम शोषण आदि गरेको पाईएमा मदिरा ऐन २०३१ बमोजिम कारवाहि गरिनेछ ।

## परिच्छेद ५

**कारवाही, जफत र सामानको बिक्री सम्वन्धी व्यवस्थाः**

९. कारवाही, जफत र सामानको बिक्री सम्वन्धी व्यवस्थाः यो कार्यविधि विपरित मदिरा बिक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ

क)	कुनैपनी व्यक्ति तथा व्यवसायीहरुले यस निर्देशिका र प्रचलित कानून विपरित मदिराको उत्पादन, विक्री वितरण, निकासी वा पैठारी गरेको भेट्टाईएमा सो कार्यसंग सम्वन्धित मदिरा मुल समितिको प्रतिनिधिको रोहबरमा प्रचलित कानून बमोजिम मुचुल्का उठान गरि जफत गर्नेछ ।

ख)	उपखण्ड (क) बमोजिम जफत गरेको मदिरा मध्ये मदिरा प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीले लिलाम विक्री गर्नुपर्नेछ ।

ग)	यस निर्देशिका र प्रचलित कानून विपरित मदिरा कारोबार गर्न प्रयोग गरिएको सवै सामानहरु प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारीले जफत गरी तोकिए बमोजिम लिलाम विक्री गर्नेछ। तर सवारी साधनको हकमा सवारी धनीको मंजुरी रहेनछ भने त्यस्तो सवारी साधनलाई एक पटकका लागि रिहा गरिनेछ तर पुन दोहोरीए मदिरा कोरोवारको रकमलाई आधारमानी दोब्बर रकम सवारि साधन धनिलाई जरिवाना गरिने छ । तर पटक पटक सोहि सवारी साधनमा मदिरा ओसार पसार भएको पाईएमा मुल समितिले निर्णय गरे बमोजिमको कारवाही हुनेछ ।

घ)	ईजाजत प्राप्त गरी संचालनमा आएका पसलमा नियमित जसो होहल्ला, सामाजिक अमन चयन, छिमेकीलाई बातावरणीय तथा ध्वनिले पर्ने प्रभावका कारण असहज अवस्था भई सामुहिक उजुरी वडा स्तरिय मदिरा व्यवस्थापन समितिमा पेश गर्न सक्नेछ । वडा स्तरिय मदिरा व्यवस्थापन समितिमा उजुरी परेको ७ दिनभित्र सो को प्रकृया अगाडी वडाउनु पर्नेछ । सो अवधिमा निवेदन उपर कुनै प्रकृया अगाडी नबढेमा उक्त उजुरी कर्ताहरुले मुल समितिमा पुन निवेदन दिन सक्नेछन र सो उजुरी उपर छानविन गरी सामान्य देखी सामाजिक सदभाव खल्बलिने अवस्थाको प्रतिवेदन प्राप्त भए मुल समितिले सो व्यवसायीलाई सचेत गराउने, व्यवसाय वन्द गराउने देखी ईजाजतपत्र समेत खारेजी गर्न सक्नेछ ।

ङ)	मदिरा व्यवसायीहरुले आफ्नो पसल व्यवसायबाट निस्कने कुनैपनी प्रकारका फोहर सार्वजनिक स्थलमा फालेको प्रमाणित भएमा सो व्यवसायलाई महानगरपालिकले जारि गरेको फोहरमैला निष्काशन, संकलन, तथा अन्तिम विसर्जन सम्वन्धि निर्देशिका २०६८ बमोजिम कारवाहि गरिनेछ ।

च)	यस कार्यविधि र प्रचलित कानून कार्यान्वयनको लागि विराटनगर महानगरपालिकाले मांगेको सहयोग उपलव्ध गराउनु स्थानीय प्रशासन र सरोकारबाला अन्य निकायको कर्तव्य हुनेछ ।

१०. यो कार्यविधि र प्रचलित कानून विपरित मदिरा विक्री वितरण गरेमा देहाय बमोजिम जरिवाना गरिनेछ ।

क)	पहिलो पटक रु.१०,०००।०० (दशहजार)

ख)	दोस्रो पटक रु.१५,०००।०० (पन्द्रहजार)

ग)	तेस्रो पटक रु.२०,०००।०० (बीसहजार)

घ) सो भन्दा वढी पटक भएमा मुल समितिले थप रकम साथै ईजाजतपत्र खारेज गर्न सम्वन्धित निकायमा सिफारिस गरिनेछ ।

११. जरिवाना सम्वन्धि व्यवस्थाः

(१) यस कार्यविधि विपरित मदिरा सेवन गरी समाजमा शान्ति, सुव्यवस्था, अमन चयन खलवल्याउने, झैझगडा गर्ने, होहल्ला गर्ने जस्ता कार्य गरेको हिडेको पाईएमा देहाय बमोजिम जरिवाना तथा सजाय हुने छ ।

क) पहिलो पटकलाई रु.५,०००।०० (पांचहजार)

ख) दोस्रो पटकलाई रु.७,०००।०० (सातहजार)

ग) तेस्रो पटकलाई रु.९,०००।०० (नौहजार)

घ) सो भन्दा वढीपटक भएमा रु.११,०००।०० (एघारहजार) जरिवाना गरिनेछ ।

(२) राष्ट्रसेवक कर्मचारी वा सेवाग्राहीले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा उक्त जरिवानामा शतप्रतिशत जरिवाना थप गरी विभागीय कारवाही तथा अन्यको हकमा दफा १२ बमोजिम जरिवाना गरिनेछ ।

(३) विराटनगर महानगरपालिकाको नगर सभामा प्रतिनिधित्व गर्नु हुने जनप्रतिनिधिले कार्यालय समयमा मदिरा सेवन गरेको प्रमाणित भएमा जरिवानामा शतप्रतिशत जरिवाना सहित थप कारवाहिको लागि नगर सभाले निर्णय गरे बमेजिम हुनेछ ।

(४) यदी कुनै व्यक्तिले उपरोक्त अनुसारको जरिवाना तिर्न ईन्कार गरेमा निजलाई वडा कार्यालय तथा महानगरपालिकाबाट प्राप्त सेवा सुविधा रोक्का राखी कार्यवाही गर्न सक्नेछ ।

(५) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मदिरा व्यवसायको ईजाजत नलिई व्यवसाय गरेको पाईएमा सो व्यवसायलाई कारवाही सहित व्यवसाय सिलवन्दी गर्नेछ । वडा कार्यालयबाट मदिरा व्यवसायका लागि ईजाजतपत्र दिनु पूर्व जुन स्थानमा मदिरा व्यवसाय गर्नेहो सो स्थान वरिपरिको घरधनी, जग्गाधनिहरुमध्ये कम्तिमा ५ जनाको अनिवार्य सर्जमिन मुचुल्का उठान गरि (नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र संलग्न गरी) वडा स्तरिय मदिरा व्यवस्थापन समितिको सिफारिसमा मात्र व्यवसाय संचालन ईजाजतपत्र दिनेछ ।

(६) वैवाहिक समारोह, वर्तबन्ध तथा अन्य भोजका कार्यक्रम (सामाजिक, सांस्कृतिक रुपमा परम्परा रहेको समुदाय वाहेक) मा मदिरा प्रयोग गर्नुपर्ने भए मदिरा खरिद र प्रयोगको अनुमति सम्वन्धित वडा स्तरिय मदिरा व्यवस्थापन समितिबाट लिनुपर्नेछ ।

(७) मदिरा व्यवसायीहरूले “मदिरा स्वास्थ्यका लागि हानिकारक छ” भन्ने नारा सबैले देखिने गरी राख्नु पर्नेछ।

(८) भाडामा मदिरा व्यवसाय सन्चालन गर्ने व्यवसायीले व्यवसाय दर्ता तथ नवीकरण गर्दा अनिवार्यरुपमा घर बहाल सम्झौताका कागजातहरु पेश गर्नु पर्नेछ।

(९) विराटनगर महानगरपालिकावासीको कर्तव्यः यो कार्यविधिलाई परिपालन गर्न, गराउन प्रत्येक महानगरपालिकावासीको कर्तव्य हुनेछ ।

(१०) कार्यविधि अन्तर्गत रहि यो निर्देशिका कार्यान्वयन गर्न महानगरपालिकाले अन्य आवश्यकता अनुसार आदेश जारी गर्न सक्नेछ ।

(११) मदिरा विक्री वितरण व्यवस्थापन तथा नियमनका लागी महानगरपालिकाले आवश्यकता अनुसार मापदण्ड परिमार्जन गर्न सक्नेछ ।

(१२) यो कार्यविधि कार्यान्वयन पछि महानगरपालिका क्षेत्रभित्र संचालनमा रहेका सवै मदिरा व्यवसायीहरुलाई महानगरपालिकामा सूचिकृत गरी अद्यावधिक गरिनेछ ।

विराटनगर महानगरपालिकाको मदिरा विक्री वितरण नियमन कार्यविधि, २०७८